प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/१४
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ३७५, चितवनमा ९०, भक्तपुरमा ३७, मकवानपुरमा २७, काभ्रेपलान्चोकमा २१, ललितपुरमा १२, सिन्धुलीमा ७, धादिङमा ३, सिन्धुपाल्चोकमा २, रामेछापमा १ र दोलखामा १ गरी जम्मा ५७६ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य आवश्यक व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा समेतको समन्वयमा) कार्य भईरहेको छ।
- भरतपुर-११, चितवन निवासी ५२ वर्षिय पुरुष न्यूमोनिया र उच्च ग्रेड ज्वरो भई मिति २०७७ भाद्र ४ गते चितवन मेडिकल कलेज भर्ना भई उपचार हुने क्रममा स्वासप्रस्वासमा थप जटिलता आएको र मिति २०७७ भाद्र ७ गते कोभिड-१९ पुष्टि भएको हो । सघन उपचार कक्षमा भेन्टिलेटरमा राखी उपचार हुने क्रममा मिति २०७७ भाद्र १४ गते उहाँको निधन भयो ।
- काठमाण्डौ, ताहाचल निवासी ७२ वर्षिया महिलाको मिति २०७७ भाद्र १४ गते वयोधा अस्पताल, बल्खुमा निधन भएको छ । निमोनिया तथा मृगौलाको उपचारको लागी भाद्र १२ गते वयोधा अस्पतालमा भर्ना भएकी निजको भाद्र १३ गते स्वाव नमुना संकलन गरी परिक्षण गर्दा सोही दिन नै कोभिड-१९ पुष्टी भएको थियो (निज उच्च रक्तचाप तथा हाइपोथेराडिजमको समेत विरामी हुनुहुन्थ्यो) ।
- भक्तपुर-१, दुधपाटी निवासी ६५ वर्षिया पुरुषको मिति २०७७ भाद्र १४ गते विहान घरमै निधन भएको छ । भाद्र ११ गते स्वाव नमुना संकलन गरी परिक्षण गर्दा भाद्र १२ गते कोभिड-१९ पुष्टी भएको निज घरमै आइसोलेसनमा बस्नुभएको थियो (निज मधुमेह तथा उच्च रक्तचापका समेत बिरामी हुनुहुन्थ्यो) ।
- ललितपुर, पाटन निवासी २९ वर्षिया पुरुषको मिति २०७७ भाद्र १३ गते पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरमा निधन भएको छ । उच्च रक्तचाप, मृगौला तथा रक्तअल्पताको उपचारको लागी श्रावण २८ गते पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना भएका निजको सोहि दिन कोभिड-१९ पुष्टी भएको थियो । उहाँहरुको निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको १९ प्रतिशत (१९.३५%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।

- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ३८५६१ (१००%) | ७४६५ (१००%) |
| निको भएको | २०८२२ (५४.०%) | १०२३ (१३.७%)* |
| उपचाररत | १७५१८ (४५.४%) | ६३९० (८५.६%)* |
| मृत्यु भएको | २२१ (०.६%) | ५२ (०.७%)* |
| श्रोत: | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/१४ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/१४ |

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ९७४० वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले २२६१ जना बस्दै आउनुभएको र १०९९ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा २९०१ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २६४४ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७४१५ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ६२०४० जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | १०४ | ३४० | १२१२ | २०१० | १०८६० | १०५२८ | ३३२ | २५९४३ | ३७५ | ४३३९ |
| ललितपुर | ३७१ | ३१ | ८० | २२१ | १७८ | ४६३० | ४५७५ | ५५ | २५४५ | १२ | ६१९ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३२१ | ६५ | २३९६ | २३७६ | २० | ४८४५ | ३७ | ४८० |
| रसुवा | २७८ | ० | २३ | ३५ | ५ | ७१७ | ७०५ | १२ | ७५४ | | १८ |
| नुवाकोट | ११७७ | १६२६ | ६६ | ४० | १३ | ३२९२ | ३१०२ | १९० | ३०६८ | | ८९ |
| धादिङ | ३१५ | १५ | २१ | ६२ | १० | ३१३५ | २९९० | १४५ | २३११ | ३ | २१५ |
| चितवन | २४६५ | २०२ | १४४ | ३५५ | ८५ | १८३८ | १८२३ | १५ | ६७३७ | ९० | ६७० |
| सिन्धुली | ३९२ | ३७ | ६ | ४३ | २० | १२३० | ११९६ | ३४ | २३५९ | ७ | ८३ |
| मकवानपुर | ४०७ | १२ | ३१ | २१७ | ८३ | १९३९ | १९१९ | २० | ५५३६ | २७ | ५०४ |
| रामेछाप | ५०० | ६५ | ० | १०४ | ९ | ८९२ | ८८४ | ८ | ४९९ | १ | ६८ |
| दोलखा | ९८६ | ६४ | ० | २७ | १८ | १७४६ | १७३२ | १४ | १५८५ | १ | ५० |
| काभ्रेपलान्चोक | ९०५ | ७८ | १२३ | २०८ | १३७ | ३२८२ | ३२३२ | ५० | २८५२ | २१ | २२६ |
| सिन्धुपाल्चोक | ७८९ | २१ | १०० | ५६ | ११ | १४५८ | १४४५ | १३ | ३००६ | २ | १०४ |
| जम्मा | ९७४० | २२६१ | १०९९ | २९०१ | २६४४ | ३७४१५ | ३६५०७ | ९०८ | ६२०४० | ५७६ | ७४६५ |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार


## ❖ प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडा स्थित प्रदेश प्रयोगशाला | २०१७६ | २१९ | १७१ | ३३ जना : मकवानपुर-२७, फलोअप-६ | १३८ | |
| धुलिखेल स्थित प्रदेश प्रयोगशाला | १८५६ | १३५ | २३५ | २८ जना: काभ्रे-१२, सिन्धुली-७, भक्तपुर-५, काठमाण्डौ-३, दोलखा-१ | २०७ | |

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छ:


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ।




स्रोत: EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१४

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोत: EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१४

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश: http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड १९ संकट ब्यबस्थापन केन्द्र: ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा: http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन/नेपाल: https://www.who.int/nepal

अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।

धन्यवाद !

प्रवक्ता (कोभिड-१९), डा. पुरुषोतम राज सेढाई